Contact: Mukunda Aryal
Rastriya Banijya Bank Ltd.
Phone 4252595 Ext.2423
rbbnl@rbb.com.np

Singhadurbar Plaza
Kathmandu

**Rastriya Banijya Bank Ltd.**

# Press Release

## Rastriya Banijya Bank at Duhabi and Sijuwabazar

**Kathmandu, June 25, 2014:** Finance Minister Dr. Ram Sharan Mahat inaugurated the 149th Rastriya Banijya Bank Ltd. (RBBL) branch office at Duhabi – a business hub in Sunsari. During the program chaired by Dr Narahari Dhakal – the Chairperson of RBB Board of Directors,CEO Krishna Prasad Sharma delivered the welcome address; various speakers including former Minister of Forest and Land Conservation Bhagawati Chaudhary, Vice President of local FNCCI Narasingha Agrawal, Sunsari CDO Chandeshwar Pokhrel and local entrepreneur Tikadhari Sah delivered their best wishes speech. Meanwhile, Dr. Narahari Dhakal the Chairperson of RBBL Board of Directors initiated the transaction in the reinstated 150th branch office at Sijuwabazar in Morang District .During the program chaired by Gopal Prasad Paudel, the Manager at RBB Biratnagar Regional Office, various speakers shared happiness for being able to work with RBBL

## दुहवी र सिजुवावजारमा राष्ट्रिय वाणिज्य बैंक

अर्थ मन्त्री डा.रामशरण महतले सुनसरी जिल्लाको महत्वपूर्ण व्यापारिक केन्द्र दुहवीमा राष्ट्रिय वाणिज्य बैंक लि. को १४९ औं शाखा कार्यालयको समुद्घाटन गर्नुभयो । सो अवसरमा प्रमुख अतिथि अर्थमन्त्री डा. रामशरण महतले नेपाल सरकारले लागू गरेको वित्तीय क्षेत्र सुधार कार्यक्रमबाट रावावैंकको समग्र अवस्थामा सुधार आई सक्षमता अभिवृध्दि भएको वताउँदै सरकारले आगामी दिनमा यस बैंकबाट देशको आर्थिक सामाजिक विकासमा सशक्त भूमिकाको अपेक्षा गरेको वताउनुभयो । राष्ट्रिय वाणिज्य बैंक संचालक समितिका अध्यक्ष डा. नरहरि ढकालको सभापतित्वमा सम्पन्न उक्त समुद्घाटन समारोहमा राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माले स्वागत मन्तव्य दिनुभएको थियो । सो समारोहमा पूर्व वन तथा भू संरक्षण राज्यमन्त्री भगवती चौधरी, उद्योग वाणिज्य संघ दुहवीका उपाध्यक्ष नरसिंह अग्रवाल, सुनसरी जिल्लाका प्रमुख जिल्ला अधिकारी चण्डेश्वर पोखेल,स्थानीय व्यापारी टिकाधारी साह लगायतका वक्ताले शुभकामना मन्तव्य दिनुभएको थियो । यसैगरी मोरंग जिल्लाको व्यापारिक केन्द्र सिजुवावजारमा पुनस्थापित १५० औ शाखा कार्यालयको रावावैंक संचालक समितिका अध्यक्ष डा नरहरि ढकालले शुभारम्भ गर्नुभयो । विराटनगर क्षेत्रीय कार्यालयका प्रवन्धक गोपाल प्रसाद पौडेलको सभापतित्वमा संचालित उक्त शुभारम्भ समारोहमा स्थानीय उद्यमी व्यवसायी वुध्दिजीविहरुले रावावैंकसंग कारोवारको सुअवसर पाएकोमा प्रशन्नता व्यक्त गर्नुभएको थियो ।

राष्ट्रिय वाणिज्य बैंकले देशभरका ६५ जिल्लामा कुनै पनि शाखा बैंकिंग सेवा ( एविविएस ) सहितका १५० शाखा कार्यालय, १० वटा काउन्टर ९ वटा ब्रान्चलेस बैकिंग मार्फत १७ लाख बढी ग्राहकलाई बैकिंग सेवा पुरयाउदैआएको छ । यस बैकका ८० स्थानमा आफनै एटिएम आउटलेट् रहेका छन् । बैंकले चालु आर्थिक वर्षको तेश्रो त्रैमासको अन्तसम्ममा ९९ अर्ब ५४ करोड निक्षेप संकलन गरेको छ भने कर्जा रु ५३ अर्ब ४९ करोड र लगानी रु ४२ अर्ब विस्तार गरेको छ ।

**Release June 25, 2014**